६३५

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १७५/२०७०/०७१

निर्णय नं.४८

जिल्ला महोत्तरी, खयरमारा ६ हाल का.म.न.पा. ३५ कोटेश्वर वस्ने राजु ढकाल ................१ पुनरावेदक

**विरूद्ध**

सचिव, शान्ति तथा पुननिर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं .................................१ विपक्षी

सूचना अधिकारी, शान्ति तथा पुननिर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं ......................१

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल का.म.न.पा. ३५ कोटेश्वर वस्ने राजु ढकालले शान्ति तथा पुननिर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौंले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरेको निवेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७१।०३।२५ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न शान्ति तथा पुननिर्माण मन्त्रालयलाई यस आयोगबाट मिति २०७१।०३।३२ च.नं. १३००, पु.च.नं. ६०२ को पत्रबाट पत्राचार गरिएको । आयोगको आदेश पश्चात उक्त मन्त्रालयले मिति २०७१।०४।२३ मा पत्राचार गरी विभिन्न विषयमा पुनरावेदक समेतको ध्यानाकर्षण गराएको । सो पत्रमा आधारमा आयोगबाट मिति २०७२।११।१० मा पुनरावेदकलाई स्पष्ट गर्न सोधनी गरी लेखी पठाएकोमा पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाइन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि बढांउने गरी हाललाई प्रस्तुत निवेदन तामेलीमा राखिएको छ । प्रस्तुत निवेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम् ।